# पुनर्वास नगरपालिका , कञ्चनपुर

# बार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०७८ ।७९

# पुनर्वास नगरपालिकाका नगर प्रमुख श्री जीवन राज थापा ज्यूबाट आ.व. २०७८।७९ को लागी प्रस्तुत गरिने वार्षिक नीति तथा कार्यक्रम

पुनर्वास नगरपालिकाका नगर उप-प्रमुख ज्यू, प्रमुख प्रशासकिय अधिकृत ज्यू, नगर सभाका सदस्यहरु , नगरपालिकाका कर्मचारीहरु, पत्रकार महोदय र आमन्त्रित सम्पूर्ण महानुभावहरुलाई सर्वप्रथम पुनर्वास नगरपालिकाको ऐतिहासिक नवौ नगर सभामा हार्दिक स्वागत गर्दछु ।

नेपालले संविधान २०७२, पन्ध्रौ योजना, नेपाल सरकारले घोषणा गरेको आगामी आ.व. २०७८।७९ को बजेट तथा कार्यक्रम, क्षेत्रगत मन्त्रालयको नीति तथा कार्यक्रम, दीगो विकासको लक्ष्य, नेपाल सरकारको संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालयको १० बर्षे रणनैतिक योजना, राष्ट्रिय प्रतिबद्धताहरु, अन्तराष्ट्रिय स्तरमा गरिएका बाचा, सन्धि, सम्झौता, स्थानीय सरकार संञ्चालन ऐन २०७४ र स्थानीय नगरपालिकाको आफ्नो र अन्य कार्यक्रमबाट प्राप्त हुने श्रोतलाई आधार लिई आगामी आ. व २०७८।७९ को नीति तथा कार्यक्रम पेश गर्न गईरहेको छु ।

अव म सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको क्रममा आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनहरुको नेतृत्व गर्नुहुने अग्रजहरु तथा आन्दोलनको क्रममा घाइते, बेपत्ता हुनुभएका नागरिकहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

नेपाल सरकार, प्रादेशिक सरकार समेतले अनुभुति गरेको नागरिकको जीवन रक्षाको विषयलाई केद्रित गरि आगामी कार्य दिशा स्पष्ट गर्नु पर्ने देखिएको छ । तत् सम्बन्धमा कोभिड १९ विरुद्धको रणनीति अर्थन्त्रलाई स्थानीय तहबाट मजबुद बनाउने कार्यढाँचा र नागरिकलाई उत्पादनशील रोजगारीमा आवद्ध गर्ने गरि प्रस्तुत कार्यक्रम तयार पारिएको छ ।

कोरोना बाट नागरिकको जीवन रक्षा गर्ने र अर्थतन्त्रलाई गतिशील बनाउने गहन जिम्मेवारी बोध हामी सामु रहेको छ। यस विषम परिस्थितिमा सबै राजनितिक दल, जनप्रतिनिधि, संघसंस्था र आम नागरिकको सहयोगर ऐक्यबद्धताले बर्तामान चुनौतिलाई अवसरमा बदल्न सकिन्छ भन्ने विश्वास लिएको छु ।

कोभिड –१९ महामारीका कारण मानव जाति माथी शताब्दिकै सबैभन्दा ठूलो संकट पैदा भएको जग जाहेर नै छ । नेपाली जनता पनि यस महामारीबाट टाढा रहन सकेनन, फलस्वरुप नेपालमा पनि हजारौको संख्यामा संक्रमित देखा परिरहेका छन । देश भित्र र बाहिर नेपाली जनताले पनि यस महामारीबाट ज्यान गुमाइ सकेका छन । यस विषम परिस्थितिमा शोकाकुल परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दै यस महामारीबाट संक्रमित पुनर्वासी जनता लगायत उपचाररत सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुको शिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु ।

कोभिड १९ का कारण आज पुनर्वास नगरपालिकाको आर्थिक अवस्था शिथिल हुन पुगेको छ । उत्पादन र वितरण प्रणालीमा गम्भीर असर परेको छ । विकास र समृद्धिको सपनामा अवरोध खडा गरेको छ । यस महामारीको संक्रमण शुरु हुने वित्तिक्कै संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरी स्थानीय सरकारको सक्रिय उपस्थितिका साथ पुनर्वासी जनताको जीवन रक्षाका लागि विभिन्न प्रयासहरु गर्दै आएका छौ । हाम्रो प्रयासमा साथ दिनुहुने सम्पूर्ण नगरवासीहरु, जनप्रतिनिधिहरु, राजनीतिक दलहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षकहरु, सुरक्षा निकाय, समाजसेवी, बुद्धिजिवी लगायत अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरुलाइ हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा थप संक्रमण फैलन नदिन र यस महामारीबाट विजय प्राप्त गर्नका लागि एकदमै सक्रियता, समन्वय र एकता आवश्यक भएकोले संयमित एवं एकतावद्ध भई दृढताका साथ लाग्न सम्पूर्ण पुनर्वासी जनताहरुमा अपील गर्दछु ।

नेपाल सरकारले नेपाली जनता संग गरेको "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा प्रति ऐक्यवद्धता जनाउदै सुदुरपश्चिम प्रदेश सरकारले लिएको नीति तथा कार्यक्रम संग तादम्यता एवं सन्तुलन मिलाउदै यस नगरपालिकाले "समृद्ध पुनर्वास, सुखी पुनर्वासी जनता" को दीर्घकालीन सोच राखी आर्थिक वर्ष २०७८।०७९ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

सम्पूर्ण नगरवासी जनतालाई आधारभूत शिक्षा, स्वास्थ्य,रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसरहरु उपलब्ध गराइ शान्त, न्यायपूर्ण, समुन्नत, सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने प्रयास गरी रहेका छौ ।
अव म आगामी आ.व.२०७८।०७९ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नू पुर्व, चालु आ.व. २०७७०७८ को प्रगति विवरण प्रस्तुत गर्न गइरहेको छु ।

## चालु आ.व. को प्रगति एंव समीक्षा :

नेपाल सरकार, प्रदेश सरकार र आन्तरिक स्रोत गरी  सातौं नगर सभाले नगरपालिकाको सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम रु. ६९ करोड १० लाख २५ हजार २ सय ७० मध्ये ३७ करोड ६४ लाख ८१ हजार १ सय पन्चानब्बे खर्च हुन गई कुल बजेटको ५२ प्रतिशत आजका मिति सम्म खर्च हुन गएको छ ।

चालू आ.व. सम्म १३ वटा ऐन र ३२ वटा कार्यविधि, मापदण्ड, निर्देशिका गरी ४५ वटा कानुन निर्माण भई कार्यान्वयनमा रहेका छन् । नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समानीकरण, सशर्त, समपुरक, विशेष अनुदान, राजश्व वाँडफाड समेत बाट रु ५९ करोड ६४ लाख ४४ हजार  प्राप्त भएकोमा रु. ३७ करोड ६४लाख ८१ हजार १ सय  ९५  खर्च भएको छ । यो रकम कूल प्राप्त वजेटको ५२ प्रतिशत हुन आउछ  र  असार मसान्त सम्मको खर्च अुनमान ७० प्रतिशत भई ३० प्रतिशत वचत हुने देखिएको छ ।

## आन्तरिक आयतर्फ :

सम्पत्तिकर, व्यवशाय कर, घरवहाल कर, घरजग्गा रजिस्ट्रेसन, सेवाशुल्क, दस्तुर, सम्पत्ति वाँडफाड र अन्य गरी रु. २,२९,७५,७५१.८१ प्राप्त हुन गएको छ ।

ढुंगा, गिट्टी, वालुवा वा विक्रीबाट आय प्राप्त हुन नसकेकोले प्रदेश सरकारलाई राजश्व वाँडफाड सम्बन्धी फिर्ता गर्नु पर्ने केही नभएको रहेको छ ।

नेपाल सरकारबाट प्राप्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक श्रोत गरि आर्थिक बर्ष २०७७।७८ को नगर सभाले नगरपालिकाको संचित कोषबाट खर्च गर्न अधिकार दिएको रकम रु ६९ करोड १० लाख २५ हजार २ सय ७० मध्ये ३४ करोड, ३६ लाख, २४ हजार ३ सय ३९ खर्च हुन गई कूल बजेटको ५२ प्रतिशत आजका मिति सम्म खर्च हुन गएको छ। गत आ. व बाट जिम्मेवारी सारिएको भवन निर्माण सम्बन्धि आयोजनाहरु सशर्त अनुदान तर्फका आयोजनाहरु र वडा स्तरमा स्वीकृत गरिएका कार्यक्रमहरु करिब ८४ प्रतिशत आयोजनाहरु निर्माण सम्पन्न हुने अवस्थामा रहेका र केही ठूला आयोजनाहरु प्रक्रियामा रहेकाले असार मसान्त सम्ममा यो खर्च प्रतिशत ५२ बाट वड्न गई करिव  ७० प्रतिशत हुने अुनमान गरिएको छ । यसको समिस्टगत विवरण यसैसाथ संलग्न ढाँचामा राखिएको छ ।

# विषयगत क्षेत्रगत प्रगति विवरण

**आ. ब. २०७७/७८** **रु. मा**

| क्र. स. | क्षेत्र /उप क्षेत्र | विनयेजन | खर्च | खर्च (%) | मैज्दात |
|---|---|---|---|---|---|
| १ | अर्थिक विकास | ६,९३,९१,२७० ६ करोड ९३ लाख ९१ हजार २ सय ७० | १ करोड ९३ लाख ८६ हजार ६ सय ८८ | 27.94 | ५ करोड ४ हजार ८२ |
| २ | सामाजिक विकास | २७,९६,४१,०९० २७ करोड ९६लाख ४१ हजार ९० | १९ करोड ७० लाख २६ हजार ९ सय ७२ | 70.45 | ८ करोड २६लाख १४ हजार १ सय १८ |
| ३ | पुर्वाधार विकास | २४,५६,६२,६१० २४ करोड ५६ लाख ६२ हजार ६ सय १० | ९ करोड ५३लाख ७६ हजार ७ सय ५ | 38.82 | १५ करोड २ लाख ८५ हजार ९ सय ५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धत क्षेत्र | १,०६,१०,००० १ करोड ०६ लाख १० हजार | ३८ लाख ३४ हजार २ सय ६१ | 36.14 | ६७ लाख ७५ हजार ७ सय ३९ |
| ५ | कार्यलय संचालन तथा प्रशासनिक | ११,८७,१९,५७० ११ करोड ८७ लाख १९ हजार ५ सय ७० | ६ करोड ८ लाख ५६ हजार ५ सय ६६ | 51.26 | ५ करोड ७८लाख ६३ हजार ४ |
| **कुल जम्मा** | | **72,40,24,540** ७२ करोड ४० लाख २४ हजार ५ सय ४० | **37,64,81,195** ३७ करोड ६४लाख ८१ हजार १ सय ९५ | **52** | **34,75,43,345** ३४ करोड ७५लाख ४३ हजार ३ सय ४५ |

नोट :– नगरसभा वाट विनियोजित बजेट भन्दा बढी बजेट ससर्त बजेट थप भएको अनुरोध गर्दछु ।

**सभा सदस्यज्यूहरु यस नगरपालिकाको विषय क्षेत्रगत रुपमा हालसम्म भएको प्रगति विवरण देहायअनुसार रहेको व्यहोरा जानकारी गराउँदछु ।**

**सडक तर्फ**

कच्ची २२२ कि.मि.

ग्रैभल  १९५ कि.मि.

कालोपत्रे २० कि.मि.

रिङरोड कालोपत्रे : १० कि.मि.

हुलाकी (करिब): १७ कि.मि.

**पुल/कल्भर्ट तर्फ**

कल्भर्ट: ४

**पशु तर्फ**

गाई, भैसी गोठ सुधार : १०० घरधुरी

मासु पसल सुधार : १०

विद्युत्तिय च्यापकटर वितरण : २८ घरधुरी

बाख्रा फर्म सुधार ३२ घरधुरी

बंगुर फर्म सुधार : १५ घरधुरी

बोयर बोका विटर १३ घरधुरी

बाख्रा वितरण : ५५ वटा

कुखुरा वितरण : ६१ वटा

पशु आहारा श्रोत केन्द्र विकास : २ वटा

चिस्यान केन्द्र सुधार : २ वटा सहकारी

माछा पोखरी निर्माण : ५ वटा

पशु स्वास्थ्य तथा बाँझोपन शिविर ६ पटक

मिल्क क्यान वितरण : २३

इलेक्ट्रोनिक ब्रुडिंग हिटर : ८० घरधुरी

रेविज खोप कार्यक्रम : ५२२ पटक

पि.पि.आर र खोरेत खोप : ५ पटक

कृतिम गर्भाधान गाई/भैसी : ४०००

माझि समुदायमा बाखा/बोका वितरण : २३ वटा

हिउदे घाँस वितरण : ३७६० घरधुरी

**सडक बत्ती तर्फ**

सौर्य बत्ती : ३०

विद्युतीय : ५००

**वन वातावरण तर्फ**

वन सँगको सहकार्यमा ४,९२००० बिरुवा उत्पाददन र वितरण

**भवन तर्फ**

सामुदायिक भवन :७

विद्यालय भवन : ९

प्रशासनिक भवन : १० -९ निर्माणाधिन सम्पन्न अवस्थामा)

**अस्पताल तर्फ :**

वडा स्वास्थ्य केन्द्र : ११ वडा मा स्थापना र सञ्चालन

वडा स्वास्थ्यका भवन ३ वनिसकेका २ वटा बन्दै

१५ शैयाको सुविधा सम्पन्न अस्स्पताल को ठेक्का प्रकृया सम्पन्न भइसकेको अब श्रावण देखी निर्माण कार्य सुरु हुदैं छ ।

**खेलमैदान तर्फ**

प्रदेश स्तरीय रंगशाला को गुरुयोजना तयारीको क्रममा रहेको छ ।

अधिकांश खेलमैदान हरुमा तारजाली लगाई सकिएको छ । व्यवस्थित गर्दै गगिएको छ ।

**प्रशासन सुधार तर्फ**

O&M तयार भै कार्यान्वयनको चरण मा छ ।

सबै वडा कार्यालय तथा नगरपालिकामा पञ्जिकरण राजश्व अनलाईन सेवा सुरु भएको छ । अब केही समयमा ई सेवा मार्फत कर तिर्ने व्यवस्था मिलाउन लागिएको छ ।

शिक्षा तर्फ यस आर्थिक वर्षमा श्री वागेश्वरी मा.वि. र गौरी शंकर मा.वि.मा ४ कोठे भवन निर्माण कार्य सञ्चालन भइरहेको र श्री शान्ति मा.वि.मा २ कोठे भवन निर्माण कार्य भइरहेको छ ।

२ ओटा विद्यालयहरुमा Wash सुविधा सहितको शौचालय निर्माण कार्य भइरहेको छ । २ ओटा विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण भइसकेको छ । १५ ओटा सामुदायिक विद्यालयलाई शिक्षण सिकाई अनुदान दिइएको छ । कार्य सम्पादनको आधारमा ५ ओटा विद्यालयमा कार्य सम्पादन अनुदान दिइएको छ । विद्यालयहरुमा शैक्षिक सुधारका लागी अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको छ ।

वालविकास देखि कक्षा ५ का वाल वालिकाका लागि दिवा खाजा को व्यवस्थापन गर्न अनुदान दिएको । राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न कक्षा २ र ३ का विद्यार्थीहरुलाई अभ्यास पुस्तिका छपाई वितरण गरिएको । विद्यालय सुशासन अभिवृद्धि गर्न IEMIS क्षमता विकास कार्यशाला सञ्चालन गरिएको छ ।

स्वास्थ्य क्षेत्र तर्फ यस आर्थिक वर्षमा कोभिड १९ को भयावह स्थितिमा रहदा नगरपालिकाले नगरवासीहरुलाई स्वास्थ्य परिक्षण, मास्क र सेनिटाइजर वितरण, क्वारेन्टाइन निर्माण, लुगाफाटो, औषधी, खाद्य सामग्रीको व्यवस्था र तत्सम्बन्धी स्वास्थ्य सेवाका सबै कार्यहरुमा अग्र स्थानमा रहेर काम गरिएको छ । नगरसभासदस्यहरु, स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरु अहोरात्र कोभिड १९ का विरुद्ध खटिई राहत वितरण, स्वास्थ्य चेकजाँच जस्ता स्वास्थ्य सेवाहरुमा सराहनिय काम गरिएको छ । यस आर्थिक वर्षमा हाम्रो नगरपालिका अन्तरगतका श्वास्थ्य संस्था नभएका वार्डहरु ३, ४, ६,७, ८ र ११ मा आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना गरी उक्त केन्द्रहरुमा आवश्यक कर्मचारीहरु भर्ना गरी वर्डा स्तरवाटै स्वास्थ्य सेवा प्रभाहको व्यवस्था सुचारु गरिएको छ ।

यसै गरी कोभिड अस्पताल संचालन, गौरीफंटा नाकामा हेल्फ डेस्क स्थापना, १५ शैयाको आधारभुत अस्पताल निर्माणको लागि टेण्डर पक्रिया अगाडी वडाइएको सवैमा जानकारी नै छ । नगरपालिका अन्तरगतका प्रतेक वार्डहरुमा ग्रभवती महिलाका लागि ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालनमा आएको छ ।

लघुउद्यम विकास तर्फ वडा नं. १ र ६ मा लघुउद्यम विकास कार्यक्रम (मेडपा) सुरु गरिएको छ । जसमा PRA गरी आठ दिने उद्यम विकास तालिम उपलब्ध गराइएको छ । प्राविधिक

सिप विकास तालिमहरु कोभिडका कारण सञ्चालनमा आएता पनि प्रभावित भएका छन् । उद्यमीहरुका लागि साझा उद्यम घर (कोशेली घर) निर्माण पक्रियामा रहको छ ।

निड्स नेपाल बाट स्वास्थ्य क्षेत्रमा राहत प्याकेज वितरण, हेल्प डेस्क, लगायतका कार्यहरु गरी संक्रमण रोकथामको क्षेत्रमा सहयोग गरेकोले धन्यवाद दिन चाहान्छु ।

नगरपालिकाको संस्थागत क्षमता विकासमा साझेदारी कार्यक्रमबाट सहयोग प्राप्त भएकोले सहयोगी निकायलाई समेत धन्यवाद दिन चाहान्छु ।

स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याकंन निर्देशिका अनुरुप उपलब्ध गराइएका सय वटा सूचकहरु मध्ये गत आ.व.को स्वमूंल्याकंन गर्दा ३५ प्रतिशत अंक प्राप्त भएको व्यहोरा जानकारी गराउन चाहान्छु । चालु आ.व.मा यसलाई ६५ प्रतिशत भन्दा माथि ओकाल्न प्रयास गरिने छ ।

आदरणीय नगरसभा सदस्य ज्यूहरु,

अब म आगामी आर्थिक वर्ष २०७८।०७९ का लागि विभिन्न विषयगत क्षेत्र अन्तर्गतका नीतिहरु , सो का लागि विनियोजित वजेट र वजेटका स्रोतहरु प्रस्तुत गर्न चाहान्छु ।

**आ.व २०७८।०७९ को विनियोजित वजेट**

- लागि चालु तर्फ :– ३५,६७,१८,०००।-
- पुँजीगत तर्फ :– ३३,६१,८३,०००।- गरी जम्मा रु. ६९,२९,०१,०००।- उन्नान्सत्तरी करोड उन्तीस लाख एक हजार मात्र विनियोजन गरिएको छ ।

**स्रोतहरु**

- वित्तिय समानिकरण अनुदान :–१७ करोड २५ लाख ५१ हजार
- सशर्त अनुदान :- २२ करोड ७९ लाख ५१ हजार
- समपुरक अनुदान :- प्राप्त नभएको ।
- विषेश अनुदान :-  प्राप्त नभएको ।
- अल्या हुन जाने अनुमानित :- रु. १५ करोड
- आन्तरीक आय :- रु. ३ करोड
- ऋृण :- छैन ।

## क) आर्थिक विकास सम्बन्धी नीतिहरु

1. नगर अर्थतन्तको भरपर्दो आधारको रुपमा रहेको कृषि क्षेत्रमा कोरोना महामारीको कारण उत्पन्न भएको चुनौति लाई सम्बोधन गर्न कृषिमा श्रम परिचान, कृषि कार्यको व्यवसयिककरण, यान्त्रिकरण र आधुनिकिकरण गरी काम र रोजगारी श्रृजना गरिने छ ।
2. प्रागारिक मल को उत्पादनलाई बढोत्तरी दिनका लागि "जैविक खेती कार्यक्रम" सञ्चालन गर्न जैविक प्लान्ट (Organic Plant) निर्माण गरिने छ ।
3. नगरपालिकामा उत्पादन हुने धान, गहुँ, मकै जस्ता खाद्य जन्य उत्पादनहरुलाई पहाडी क्षेत्रमा र पहाडी क्षेत्रका खाद्यजन्य उत्पादनहरुलाई नगरपालिकामा सहकारी संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु र अन्य विकास साझेदारहरुसँग समन्वय गरी पठाउने तथा भित्र्याउने निति अबलम्बन गरिनेछ ।
4. साविकका गा.वि.स.हरुलाई लक्षित हुने गरी हाट बजारहरु स्थापना गरिने छन् ।
5. कृर्षि उत्पादनको वजारीकरणको लागि कृर्षि एम्वुलेन्स (Agriculture Ambulance) को अवधारण अवलम्वन गरिनेछ ।
6. पशुपालनलाई प्रबद्धन गर्न पशु दाना र चारा बनाउने उद्योग स्थापना गरिने छ ।
7. एकल महिला, विपन्न र अपाङ्गता तथा लक्षित वर्गलाई सम्बोधन हुने गरी सहकारीसँग सहकार्य गरी Seed Money को निति अबलम्बन गरिने छ ।
8. कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व को बृद्धि गरि खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गरिने छ ।
9. कृषिको व्यावसायिकरणका लागि करार, समूह, पट्टा कृषि व्यवसाय प्रणाली र सहकारी खेतीको लागि प्रदेश सरकार संगको समन्वयमा एकीकृत भूमि व्यवस्थापन प्रणालीलाई प्रोत्साहित गरिनेछ ।

10. परम्परागत एवं निर्वाहमुखी पशु पंक्षी पालन लाई व्यवसायिकरण गर्दै नगरपालिकालाई विशेष क्षेत्र उत्पादनमा आत्म निर्भर बनाउने पशु जन्य पदार्थको निर्यात गर्ने कार्यलाई निरन्तरता दिईने छ। पशुको आहारा तथा ब्यवस्थापनमा सुधार गरिने छ। स्वच्छ उत्पादन स्वस्थ्य जीवनको नीति अपनाईने छ । स्थानीय परम्परागत ब्यवसायलाई आधुनिकीकरण प्रबिधि हस्तान्तरण गरिने छ ।

11. कृषि तथा पशुपालनलाई व्यवसायमुखी बनाउदै खाद्यान्न, बीउविजन, तरकारी, मासु, दुध र अण्डा उत्पादनमा आत्मनिर्भर बनाइनेछ । यसका लागि वडाहरुलाई विशेष पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गरिनेछ । उत्पादित कृषि उपजहरुको व्यवस्थापनका लागि संघीय र प्रदेश सरकार संग समन्वय गरी दुध चिस्यान केन्द्र तथा शित भन्डार (कोल्ड स्टोर )स्थापना गरिनेछ ।

12. किसानहरुलाई प्राविधिक सेवा पुऱ्याउनका लागि एक वडा एक कृषि प्राविधिक र एक वडा एक पशु प्राविधिक कार्यक्रम लागू गरिनेछ ।

13. कृषि बाली तथा पशु पंक्षी वीमा गर्न कृषकलाई प्रोत्साहान गर्ने नीति अवलम्बन गरिनेछ ।

14. सार्वजनिक क्षेत्र र निजी क्षेत्रको साझेदारीमा नगर समृद्धिका कार्यहरु संचालन गर्न लगानीमैत्री वातावरण तयार गरिनेछ ।

15. नगरपालिकाले प्रवाह गर्ने सेवासँग सम्बन्धित करहरुलाई एकीकृत कर प्रणालीमा आबद्ध गरी दायरा विस्तार सहित कार्यान्वयन गरिने व्यवस्थामा निरन्तरता दिइनेछ । समग्र राजस्व प्रशासनलाई करदातामैत्री बनाइनेछ । कर तथा गैरकर राजस्व संकलन एवम् परिचालनका लागि अनुगमन गरिनेछ ।

16. उद्यम विकासका लागि समाजिक परिचालन, उद्यमशीलता विकास, प्रावधिक सिप विकास, लघु वित्तमा पहुँच, उपयुक्त प्रविधिमा पहुँच, वस्तु र सेवा वजारीकरण तथा

व्यवसाय परामर्श जस्ता उद्यमशिलता सिर्जना गर्ने उपकरणहरु अपनाई लघु उद्यम विकास मोडेल (MEDPA Model) का माध्यमवाट आर्थिक पुजिँ सिर्जना गरिनेछ ।

17. सम्पुर्ण नगरपालिकाको सहभागितात्मक ग्रामिण लेखाजोखा (PRA) गरी मागका आधारमा सिपमुलक तालिमहरु संचालन गरी उद्यमशिलता विकास का माध्यमवाट रोजगारी सिर्जना गरी गरीवी निवारण गर्न वजेट विनियोजन गरी कार्यन्वयन गरीनेछ ।
18. विदेशबाट आएका युवाहरुका लागि तिनीहरुले सिकेका सिपहरुलाई प्रयोग गरी नगर पालिकाको विकासमा केन्द्रित गराइने नीती अबलम्बन गरिने छ ।
19. नगरक्षेत्र भित्र रहेका सम्पुर्ण व्यावसायीहरुलाई नगरपालिकामा दर्ता, नविकरण गरी करको दायरा विस्तारका माध्यमवाट आन्तरीक राजस्व अभिवृदि गर्ने नीती अवलम्वन गरिनेछ । व्यावसायीहरुलाई करको दायरामा ल्याउन व्यवसाय दर्ता सम्बन्धि घुम्ती शिवीर सँचालनमा ल्याइनेछ ।
20. आन्तरिक लेखा परीक्षणका लागि संस्थागत व्यवस्था गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु**

21. नगरक्षेत्र भित्रका उद्योगहरुको वर्गीकरण गरी व्यावसायीकरण गर्ने र उद्योगहरुको उत्पादन र उत्पादकत्व अभिवृद्धी गर्ने नीति लिइनेछ ।
22. “हाम्रा लागि सहकारी र सहकारीका लागि हामी” भन्ने आदर्श वाक्यका साथ सहकारीको विकास, प्रबर्द्धनका कार्यहरु गरी सहकारी क्षेत्रलाई नगर गरिवी निवारणको मुख्य अंगका रुपमा लिइनेछ ।
23. यस नगरपालिका भित्रका सहकारी र वित्तिय संस्थाहरुलाई उत्पादनमूलक क्षेत्रमा लगानीका लागि प्रोत्साहन गरिनुका साथै सहकारी सम्बन्धी विभिन्न तालिम संचालनमा सहयोग गर्नुका साथै नाफामूखी भन्दापनि सेवामूखी बनाइने नीति लिइनेछ ।
24. महामारीको रुपमा फैलिएको कोभिड १९ का कारण भारत लगायत अन्य देशबाट रोजगारी गुमाइ फर्कि आएका व्यक्तिहरुको विवरण र उनीहरुले हासिल गरेको सिपको अभिलेख

तयार गरी इच्छुक व्यक्तिहरुलाइ माटो सुहाउदो स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

25. पर्यटन प्रवर्द्धनका लागि गुरु योजना तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।
26. प्याराताल, वन्दा ताल, चुरैन ताल, गंगला ताल, रातो ताल, आँप तालहररुलाई नगर क्षेत्रको मुख्य पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।
27. बाह्य पर्यटन प्रवर्द्धन, आन्तरिक पर्यटन, धार्मिक पर्यटन, पर्या पर्यटन प्रवर्द्धनका लागि मेला, उत्सव, समारोह, घरबास लगायतका उपयुक्त कार्यक्रमहरु संचालन गरिनेछ ।
28. बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थामा आवद्ध भएका एकल महिला, अति विपन्न र अपाङ्गता भएकाशेयर सदस्यहरुलाई स्वरोजगार गराउने उद्धेश्यले क्रमिक रुपमा सहकारी मार्फत त्यस्ता सदस्यहरुलाई सस्तो व्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
29. सहकारीहरुलाई व्यवसायिक र सक्षम बनाउन लागतमा सहभागिता हुने गरी मागमा आधारित सीपमुलक तालीमको व्यवस्था गर्न बजेटको व्यवस्था गरिनेछ ।
30. पुँजीको अभावमा निष्क्रिय रहेका सहकारी संस्थाहरुलाई भौगोलिक कार्यक्षत्र र प्रकृतिका आधारमा एकिकरण गरि सक्रिय गराउन तर्फ पहल गरिने छ ।
31. सहकारी संस्थाको व्यवसायिक कारोवारलाई पारदर्शी बनाउन आवश्यक पहल गरिने छ ।

**नगर सभा सदस्य ज्यूहरु**

32. प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनका लागि नगर क्षेत्रभित्रका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रमा बेरोजगार सूचिमा दर्ता गर्ने, दर्ता भएका बेरोजगारहरुलाई प्राथमिकता दिई रुपान्तर पहल योजना, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्युनतम रोजगारीको प्रत्याभुति गरिनेछ ।

33. स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई यूवा रोजगारीका लागी रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूती गराइनेछ ।
34. बैदेशिक रोजगारीमा जान नपाएका तथा विदेशबाट फर्किन बाध्य भएका व्यक्तिहरुलाई सूचिकृत गरी विशेष प्राथमिकता साथ रोजगारी प्रदान गरिनेछ ।
35. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीका प्रवर्धनगर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरी बेरोजगार ब्यक्तिलाई तालिम दिइनेछ।
36. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र नीजि सहकारी तथा गैर सरकारी क्षेत्र सँग समन्वय र सहकार्यमा जोड दिइनेछ ।
37. स्थानीयतहमा रहेका परम्परागत सीपलाई खोजी गरी प्रवद्धन गर्दै व्यवसायिक र उद्यमशील बनाईने छ ।

यसको लागि पुजिँगत क्षेत्रमा विनियोजित रकम रु. ३३ करोड ६२ लाख मध्ये ३ करोड ६५ लाख विनियोजन गरीएको छ । विस्तृत कार्यक्रम यसैको अनुसूचीमा उल्लेख गरीएको छ ।

## ख) सामाजिक विकास सम्बन्धी नीतिहरु :

### शिक्षा

38. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानूनले स्थानीय तहले गर्ने भनी व्यवस्था गरेका शिक्षा सम्बन्धी अधिकारहरुको कार्यान्वयनका लागि आवश्यक शिक्षा सम्बन्धी कानूनहरु तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।
39. “म साक्षर, मेरो नगर साक्षर” भन्ने कार्यक्रम सञ्चालन गरी नगरपालिका लाई पूर्ण साक्षर नगरपालिका घोषणा गरिनेछ ।

40. विद्यालय छोडेका वा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन छात्रवृति, दिवा खाजा व्यवस्थापन, निःशुल्क पाठ्यपुस्तक वितरण, कक्षा कार्यका लागि आवश्यक सामग्रीहरुको आपूर्ति, बालमैत्री विद्यालय वातावरण निर्माण लगायतका उपयुक्त उपायहरु अपनाइनेछ ।

41. शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय अनुगमनकार्यलाई निरन्तरता दिइनेछ ।

42. न्युन विद्यार्थी भएका विद्यालयहरुलाई पायक पर्ने विद्यालयमा समायोजन गर्ने नीति अवलम्बन गरिनेछ ।

43. कोभिड १९ को कारण सिर्जित विषम परिस्थितिमा बालबालिकाहरुको सिकाइ कार्यलाई निरन्तरता दिन संघीय सरकार र प्रदेश सरकारको समन्वयमा विद्युतीय सामग्री,छापा सामग्रीको प्रयोग एवं बैकल्पिक सिकाइको व्यवस्था गरिनेछ । शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

44. सामुदायिक विद्यालयको गुणस्तर अभिबृद्धि तथा प्रोत्साहनको लागि आधारभूत र माध्यमिक तहका विद्यालयहरु मध्येबाट उत्कृष्ट कार्यसम्पादन भएका विद्यालयहरु छनौट गरि प्रत्येक वर्ष पुरष्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।

45. सामूदायिक विद्यालयहरुमा अपुग शिक्षक व्यवस्थापन गर्न शिक्षण सहयोग अनुदानको व्यवस्था गरी पठनपाठन संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

46. बालविकास शिक्षक, विद्यालय कर्मचारी, विद्यालय सहयोगी र सामूदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुलाई नगरपालिकाबाट थप प्रोत्साहन सुविधा उपलब्ध गराईने नीतिलाई निरन्तरता दिइनेछ ।

47. खेलकुद क्षेत्रमा नगरपालिकाको पहिचान बनाउन तथा क्षेत्रगत विकास गर्न खेलकुदको क्षेत्रमा क्रियाशिल रहेका स्थानीय क्लबहरु एवं प्रतिभाहरुहरुलाई हौसला, सम्मान एवं प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

48. स्वस्थ व्यक्ति, नगरको सम्पत्ति' भन्ने नारा लिई नगरस्तरीय खेलकुद विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ । यस्ता कार्यक्रमहरु संचालन गर्न आवश्यक भौतिक पूर्वाधारहरुको विकास एवम् संचालनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

**स्वास्थ्य**

49. कोरोना महामारीको संक्रमणबाट बच्नका लागि सामुदायिक विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुलाई मास्क, सेनेटाइजर वा हातधुने साबुन निःशुल्क उपलब्ध गराइनेछ ।
50. आवधिक रुपमा हामीसँग भएकै स्वास्थ्य जनशक्ति परिचालन गरी नगरस्तरीय विद्यालयहरुमा स्वास्थ्य कर्मी खटाई विद्यार्थीहरुको स्वास्थ्य चेकजाँच, स्वास्थ्य परामर्श तथा स्वास्थ्य शिक्षा उपलब्ध गराइने छ ।
51. कोरोना महामारी रहुन्जेल सम्म कोभिड अस्पतालाई निरन्तरता दिइने छ । कोभिड अस्पतालको स्तरोउन्नती तर्फ विशेष ध्यान दिइने छ ।
52. महिला स्वंयम सेविकाहरुलाई ६० बर्ष पुगेपछि अनिवार्य स-सम्मान "सुनौला हात कार्यक्रम" मार्फत नगद रु. ३०,०००। अक्षेरुपी (तिस हजार) हस्तान्तरण गराई अवकाश गरिने छ ।
53. संघ संस्थाहरु सँग समन्वय गरी नगरस्तरी स्वास्थ्य शिविरहरु सञ्चालन गरिने छन् ।
54. लक्षित वर्गका लागि निर्दिष्ट कार्यक्रमहरु सञ्चालन गरिने छन् ।
55. कोभिड १९ को उपचारमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई प्रोत्साहित गरिनेछ ।
56. "ज्येष्ठ नागरिक र स्वास्थ्य उपचार सम्मान कार्यक्रम" लाई सञ्चालनमा ल्याई नगरपालिका क्षेत्रका जेष्ठनागरिकहरु भेटघाट, सामग्री वितरण तथा स्वास्थ्य परिक्षण लगायतका क्रियाकलापहरु संचालनमा ल्याईनेछ ।
57. नगरवासी सम्पुर्ण नागरिकलाई योगाभ्यास र शारीरिक व्यायाम सहितको जीवन पद्धति अपनाउन प्रेरित गरिनेछ ।

58. नगरक्षेत्र भित्रका स्वास्थ्य चौकी, शहरी स्वास्थ्य क्लिनिक, वर्थिङ्ग सेन्टरलाई भौतिक तथा मानविय सुविधायुक्त बनाई संचालन एवम् व्यवस्थापन गर्दै नेपाल सरकारले निदृष्ट गरेका निःशुल्क औषधि उपचारको उपलब्धतालाई सहज बनाउन आवश्यक पहल गरिनेछ ।

59. नगरको स्वास्थ्य क्षेत्रमा विगतदेखि टेवा दिदै आउनुभएका स्वास्थ्य स्वयम् सेविकाहरुलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

60. महिला कर्मचारी तथा सेवा ग्राहीहरुका लागि छुट्टै स्तनपान कक्षको व्यवस्था गरिनेछ ।

61. स्थानीय तहको स्वास्थ्य शाखामा भ्याक्सिन तथा औषधी भण्डारण कक्षको व्यवस्थापन गरिने छ ।

62. समाजमा देखिएको छिटो विवाह गर्ने र छिटो बच्चा जन्माउने समस्यालाई समाधान गर्नकोलागी जनचेतनामुलक कार्यक्रम एवं जनसंख्या शिक्षा कार्यक्रम संचालन गर्ने नीति लिइने छ ।

63. गर्भवती महिलालाई सुत्केरी हुँदाका बखत घरबाट स्वास्थ्य संस्थासम्म र स्वास्थ्य सस्थाबाट घरसम्म आवतजावतका लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइने छ ।

## खानेपानी तथा सरसफाई र अन्य

64. नगरपालिका भित्र रहेका पिछडिएका बस्तीहरुलाई पोष्ट ओ.डि.एफ.कार्यक्रम संचालन गरि जनचेतना जगाउने किसिमका सरसफाई सम्बन्धि कार्यक्रमहरु मार्फत प्रत्येक वडामा सरसफाईका लागि अनुदानको व्यवस्था मिलाई सार्वजनिक शौचालय एवम् स्वास्थ्य तथा सरसफाईका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

65. संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरी नगरवासीहरुलाई स्वच्छ खानेपानीका लागि व्यवस्थापन गरिनेछ ।

66. नगरको फोहरमैलाको दिगो व्यवस्थापनको प्रभावकारी उपायको पहिचान गरी टोल विकास संस्था मार्फत कार्यान्वयनमा ल्याउने प्रयास जारी राखिनेछ ।

67. समाजिक सुरक्षा भत्ता  रकम बैङ्किक प्रणाली मार्फत  प्रत्येक वडामा वितरण गर्ने कार्यक्रमलाई प्रभावकारीता साथ निरन्तरता दिईनेछ ।

68. नगरलाई बालमैत्री, अपाङ्गमैत्री उन्मूख बनाउदै लैजाने रणनीति अवलम्वन गरि लक्षित वर्गको हक अधिकार सुनिश्चतता र सर्वाङ्गिण विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

69. साामाजिक कुरीतिहरुलाई अन्त्य गर्न सचेतनामूलक,प्रवर्द्धनात्मक र दण्डात्मक नीति अवलम्बन गरिनेछ ।

70. मानसिक तथा बौद्धिक अपाङ्गता भएका ब्यक्ति,कुष्ठरोगी, (HIV/AIDS) संक्रमित भएकाहरुका लागी मनोपरामर्शको माध्यामबाट सीपमुलक तालीम आयोजना गरिनेछ ।

71. लक्षित महिलाहरुको सशत्तीकरणको स्तर हासिल गर्नको लागी उनिहरुलाई मूलप्रवाहिकरण, समावेशिकरण, सशक्तीकरण, लैंगिक समानता र नेतृत्व बिकासका कार्यक्रममा समावेस गराईने रणनीति अपनाईने छ ।

72. नगरपालिकाले निर्माण गर्ने भौतिक संरचनामा फरक क्षमता भएका व्यक्तिहरुको पहुचँका लागी अपागंमैत्री संरचना निर्माणलाई अनिवार्य गरिने नीतिलाई निरन्तता दिइने छ ।

73. लागुऔषध नियन्त्रणका लागी आवश्यक पहल गरिने छ । नगरपालिकालाई स्वच्छ र स्वस्थ्य बनाउन लागुऔषध र दुरव्यसन विरुद्ध सचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

74. लक्षित महिलाको सशक्तिकारणको स्तर हासिल गर्नका लागी महिला विकास कार्यक्रम, बन्चितिमा परेका महिलालाई मूलप्रभाहिकरण,समावेशिकरण र सशक्तिकरण गरी लैंगिक समानता, नेतृत्व विकास, प्रजनन स्वास्थ्य, जीवन उपयोगी शिक्षा, संस्थागत सहभागीताका लागी आवश्यक कार्यक्रम संचालन गरिने छ ।

75. "वालवालिका, किशोर किशोरीसँग उपमेयर" कार्यक्रम सञ्चालन गरि नगर क्षेत्र भित्रका वालवालिका तथा किशोर किशोरीहरुको क्षमता अभिबृद्धि गर्नुका साथै लागुऔषध,

वालविवाह, छुवाछुत जस्ता सामाजीक विकृति तथा कुरीतिको विरुद्धमा सचेतना र जागरण अभियान संचालन गरिनेछ ।

76. “असहाय र विपन्न संग मेयर" कार्यक्रम अन्तरगत सामुदायिक विद्यालयहरुमा अध्ययनरत असहाय र विपन्न वालवालिकालाई मासिक रुपमा स्टेशनरी एवं आवश्यकता अनुसार विद्यालय पोशाक उपलव्ध गराइने छ ।

77. महिला स्वास्थ्यको संवेदनशीलतालाई ध्यानमा राखी नगरका विभिन्न वडाहरुमा स्वास्थ्य सम्बन्धि चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने नीतिअवलम्वन गरिने छ, समय समयमा विशेषज्ञ सहितकोस्वास्थ्य शिविरहरु सञ्चालन गर्ने नीति लिइएको छ ।

यसको लागि पुजिँगत क्षेत्रमा विनियोजित रकम रु. ३३ करोड ६२ लाख मध्ये २ करोड ८५ लाख विनियोजन गरीएको छ । विस्तृत कार्यक्रम यसैको अनुसूचीमा उल्लेख गरीएको छ ।

## ग) पूर्वाधार विकास सम्बन्धी नीतिहरु

78. पूर्वाधारतर्फ परिणाममुखी ठूला आयोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

79. शित भण्डार (Cold Store) निर्माणको पक्रिया थालनी गरिने छ ।

80. नगरका आवश्यक ठाँउमा झोलुङ्गे पुल, बेली ब्रिजहरु निर्माण गरिने छन् ।

81. नगरस्तरीय योजना बैंक (Project Bank) निर्माण गरिने छ । नगर यातायात गुरुयोजना (MTMP) अध्यावधिक गरिने छ ।

82. आधारभूत वडा स्वास्थ्य केन्द्र भवनहरु निर्माण कार्य थालनी गरिने छ ।

83. नगरमा प्रदेश स्तरीय रंगशाला निर्माण गरिने छ ।

84. फोहोरमैला व्यवस्थापन केन्द्रको निर्माण पक्रिया थालनी गरिने छ ।

85. पूर्वाधार सम्बन्धी योजनाहरु सुरु गर्नु भन्दा पहिले प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरुलाई नगरपालिकाको तर्फबाट अभिमुखीकरण गरिनेछ ।

86. संघ र प्रदेश सरकारको समन्वय र सहयोगमा नगरको सामाजिक र आर्थिक रुपान्तरणका लागि चक्रपथ निर्माणको काम प्रारम्भ गरिनेछ ।

87. नगरपालिकामा संचालनमा रहेका सडकहरु सुचारु राख्न आवश्यकता अनुसार नियमित मर्मत सम्भार गर्ने कार्य गरिनेछ । कालोपत्रे हुन बाँकी सडकहरुलाई क्रमशः कालोपत्रे गर्दै जाने विगत वर्षको नीतिलाई निरन्तरता दिइनेछ ।

88. वडा कार्यालयहरु बाट नगरपालिकाको कार्यालयसम्म जोडिने सडकहरु कालोपत्रे गरिने छन् ।

89. सडकहरुको स्तरोन्नती गर्न साविकमा सडक मापडण्ड विपरित निर्माण भएका संरचनाहरुलाई हटाइनेछ । सडकअधिकार क्षेत्र भित्र कुनैपनि किसिमको संरचनाहरु बनाउन नदिने नीति अवलम्बन गरिनेछ । यसका लागि नगरपालिका क्षेत्रकासबै सडकको क्षेत्र सिमाङ्कन गरिनेछ ।

90. नगरपालिकाभित्र बन्ने सबैखाले भवनहरुका लागि भवन निर्माण आचार संहिता एवम् भवन मापदण्डको पूर्ण पालना गरिनेछ । अब निर्माण हुने सबै सार्वजनिक भवनहरुलाई अपाङ्गमैत्री बनाउन पहल गरिनेछ ।

91. नगरका मुख्य बजार क्षेत्र एवम् सडकमा फोहर पानी जम्न गई हुने प्रदुषणलाई कम गर्न ढल निकासको लागि सम्बन्धित निकायको सहकार्यमा उपयुक्त कार्य अगाडि बढाईनेछ ।

92. विकास योजनाहरुलाई स्वच्छ, पारदर्शी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन दश लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएका निर्माण सम्बन्धी योजनाहरु विद्युतीय टेण्डर प्रणाली (e_bidding)मा आवद्ध गरी प्रतिस्पर्धाको माध्यमबाट गर्ने, प्रचलित ऐन, नियमानुसार तोकिएका संघसंस्थाहरुका लागि विनियोजित भएका कार्यक्रमहरु सम्बन्धित संघसंस्थाहरुको व्यवस्थापन समितिबाट गर्ने र अनिवार्य लागत सहभागीता हुने तथा

प्रचलित कानून बमोजिम व्यवस्थापन नभएका विकास योजनाहरु उपभोक्ता समितिबाट गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

93. नगरका मुख्य सडक र घनावस्ती भित्रका सडकमा सौर्यवत्ती एवं सडकवत्ती जडान गरी उज्यालो नगर कार्यक्रम संचालन गर्न पहल गरिनेछ । ग्रामिण वस्तीमा वायोग्याँसको प्रयोग र उपयोगमा जोड दिइनेछ ।

94. हालसम्म अभिलेखीकरण छुट भएका भवन संरचनाको दोव्वर दस्तुर लिई अभिलेखिकरण गर्न गराउन ६ महिना अवधि वढाउन कार्यविधी तयार गरी लागु गरिनेछ ।

यसको लागि पुजिँगत क्षेत्रमा विनियोजित रकम रु. ३३ करोड ६२ लाख मध्ये २६ करोड ६ लाख विनियोजन गरीएको छ । विस्तृत कार्यक्रम यसैको अनुसूचीमा उल्लेख गरीएको छ ।

**(घ) वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीतिहरु :**

95. नगरक्षेत्रका वन, ताल, तलैया तथा सिमसार क्षेत्रहरुको संरक्षण एवम् सम्वर्द्धन गर्न सामुदायिकवन,धार्मिक वन,कबुलियत वनसंग आवश्यक समन्वय गरी कार्यक्रम अघि बढाइनेछ ।

96. घर नक्सा पास गर्दा १ घर ५ रुख अभियान अनिवार्य गरिनेछ ।

97. मुल र सहायक बाटोको दुवैपटिट्ट, सामुदायिक वन, निजि वन, नदी कटान क्षेत्रहरुमा वृक्षा रोपण गरिनेछ ।

98. निजी वन दर्ता कार्यलाई प्रोत्साहन गरिनेछ ।

99. जनावर र मानव बीच हुने द्वन्द निवारण गर्न WWF, ताल जस्ता संघसस्थाहरु सँग समन्वय गरी विशेष पहल गरिने छ ।

100. विपत व्यवस्थापनको लागी विपद पूर्व सूचना प्रणाली अबलम्बन गरिनेछ ।

101. नगर सौन्द्रयीकरणका लागि बहु वर्षिय फुल फुल्ने विरुवा लगाउने निति लिईएको छ ।

102. नगरपालिका क्षेत्रभित्र नदी कटानी रोक्नका लागी  वन संरक्षण सहित आवश्यक ठाँउहरुमा तटबन्धको पहल चालिनेछ ।

103. जंगली जनावरहरुबाट बालीनालीको सुरक्षा गर्न आवश्यक पहल गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु**

104. विपद व्यवस्थापनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

105. स्थानीय उद्यमीलाई उद्योग संचालन गर्न आवश्यक वातावरण तयार गरिनुका साथै जलवायु अनुकुलन उद्योग स्थापनामा जोड दिइनेछ ।

106. प्राकृतिक विपद र दुर्घटनाको जोखिम न्युनीकरण गर्न प्रदेश सरकार संग समन्वय गरी नगर क्षेत्रका सम्पूर्ण घरधुरीलाई बीमाको दायरामा समेट्ने  व्यवस्था गरिनेछ ।

यसको लागि पुजिँगत क्षेत्रमा विनियोजित रकम रु. ३३ करोड ६२ लाख मध्ये  ७० लाख विनियोजन गरीएको छ । विस्तृत कार्यक्रम यसैको अनुसूचीमा उल्लेख गरीएको छ ।

**(ङ) सुशासन तथा संस्थागत विकास सम्बन्धी नीतिहरुः**

107. स्थानिय सरकार संस्थागत स्वमुल्याँकन कार्यविधी, २०७७ ले तय गरेका सुचकहरुमा देखिएका कमीकमजोरीहरुमा सुधार ल्याउन नगरपालिकाको संस्थागत सवलिकरण  र सुशासनका पक्षहरुमा उल्लेखनिय प्रगति गरिनेछ ।

108. नगरकार्यपालिकाको कार्यालयको संगठन तथा व्यवस्थापन अनुरुप संरचनालाई अध्यावधिक एवम् पुनरावलोकन गर्दै कार्यरत सबै तहका कर्मचारीहरुको कार्यविवरण सहितको जिम्मेवारी दिइनेछ । दिइएको जिम्मेवारी समय मै पुरा गर्ने कर्मचारीको कामको बैज्ञानिक मूल्याङ्कन गरी उत्कृष्टताका आधारमा पुरस्कृत गरिने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

109. नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा, विकास कार्यहरुको प्रभावकारी रुपमा संचालन गर्न गराउन सेवाग्राहीहरुबाट सुझाव संकलन, गुनासो व्यवस्थापन, हेल्पडेस्क संचालन र नागरिक वडापत्र सम्बन्धी कार्यलाई आधुनिक प्रविधिमैत्री बनाई चाँडो भन्दा चाँडो सम्बोधन गर्ने प्रणालीको स्थापना एवम् संचालनको व्यवस्था मिलाइनेछ । यस कार्यलाई वडास्तरमा समेत विस्तार गरिनेछ ।

110. सार्वजनिक सेवाको गुणस्तर, कार्य शैली र व्यवहारको लेखाजोखा गर्न सार्वजनिक सुनुवाइ सार्वजनिक परिक्षण जस्ता विधि तथा औजारहरुको प्रयोग गर्ने नीति लिइने छ ।

111. नेपाल सरकारबाट स्थानीय तहमा जिम्मेवारी हस्तान्तरण भई आएका विषयगत कार्यालय एवम् निकायहरुको सम्पूर्ण चलअचल सम्पत्तिको स्वामित्व लिई तिनीहरुको सामयिक संरक्षण एवम् निरन्तर उपयोग गरिनेछ ।

112. नगरपालिकाबाट प्रवाह गरिने सेवाहरुमा अनियमितता एवम् भ्रष्टाचार हुन नदिन शुन्य सहनशीलताको नीति अवलम्बन गरिने छ । नगरका कामकार्वाहीहरुलाई सुशासनयुक्त बनाउन क्रियाशिल विभिन्न विधाका पत्रकारहरु मध्ये प्रत्येक बर्ष १ जनालाई नगर सुशासन पत्रकारिता पुरस्कार दिने विगत वर्षको कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिईनेछ ।

113. नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्न विभिन्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

114. नगरक्षेत्र भित्र कालोवजारी, एकाधिकार, कृत्रिम अभाव सृजना गर्ने व्यवसायीलाई कार्वाही गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी अघि बढिने छ साथै बजार अनुगमनको कार्यलाई तिव्रताका साथ लागु गरिने छ ।

115. न्यायिक  काम कारवाहीलाई सूचना प्रविधिसँग आवद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरिनेछ । नगरपालिकाका सम्पुर्ण वडा

कार्यालयहरुमा मेलमिलाप केन्द्र सञ्चालन गरी मेलमिलाप हुने प्रकृतिका स्थानीय विवादहरु वडास्तरमै मेलमिलाप गराई विवाद निरुपण गर्ने व्यवस्था मिलाइनेछ ।

116. कानुन भन्दा माथि कोही हुदैन भन्ने कानूनको सर्वमान्य सिद्धान्तलाई स्वीकार गरी नगरपालिकाको सेवा प्रवाहसँग सम्बन्धित ऐन, नियमावली, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन, दिग्दर्शन लगायतका आवश्यक कानून तर्जुमा गरी अक्षरशः लागू गरिनेछ ।

117. नगरमा शान्ति सुरक्षा कायम राख्न न्याय निसाफको कार्यान्वयन  चोरी निकासी नियन्त्रण जस्ता कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउन नगर प्रहरी सम्बन्धी कानून तर्जुमा गरी नगर प्रहरी नियूक्ति एवम् परिचालनको कार्य गरिनेछ ।

118. नगरकार्यपालिकाले गरेका निर्णयहरु Website मार्फत सार्वजनिक गरिनेछन ।

119. नगरका सेवा र सूचनाहरु अनलाइन मार्फत प्रवाहित गर्ने र वडा कार्यालयबाट उपलब्ध हुने सेवासुविधाहरुलाई विद्युतीय प्रणालीबाट उपलब्ध गराउने व्यवस्थालाई अझ प्रभावकारी बनाईनेछ ।

120. सेवा प्रवाहमा टोकन प्रणाली, सार्वजनिक सुनुवाई, जनता संग जनप्रतिनिधिको प्रत्यक्ष संवाद रेडियो कार्यक्रम, डिजिटल नगर प्रोफाईल, मध्यकालिन खर्च संरचना निर्माण, नागरिक वडापत्र, डिजिटल नोटिस बोर्ड र विविध प्रविधि संग जोडिनेछ ।

121. नगरको सूचना प्रवाहमा एकद्वार प्रणाली अपनाईनेछ ।

122. सुचनाको हकको प्रत्याभूतिका गराउदै नगरपालिकाभित्र एक विद्युतीय सूचना केन्द्रको स्थापना गरिनेछ ।

123. बढी दुर्घटना र अति जोखिमयुक्त स्थानमा आइ.पि.मा आधारित सि.सि. क्यामराको व्यवस्थापन गरि सडक दुर्घटनालाई न्यूनिकरण गर्ने एवम् अपराध अनुसन्धानमा सहयोग पुऱ्याउने योजना अगाडि बढाइनेछ ।

124. सूचना प्रविधिको उच्चतम प्रयोग सम्बन्धी वडा स्तरमा गई जनमानसमा सचेतनामूलक र अभिमुखीकरण कार्यक्रम गरिनेछ ।

125. नगरपालिका क्षेत्र भित्रका विभिन्न श्रोतहरुको (विद्यालय, विभिन्न सरकारी निकायहरु, बैंक, मन्दिर, अस्पताल, विभिन्न फर्महरु, आदिको) डिजिटल श्रोत नक्शा तयार पारिनेछ ।

126. सम्पूर्ण वडाभित्रको सामाजिक, आर्थिक एवं विकास निर्माणका क्रियाकलापहरु लाई चुस्त दुरुस्त बनाउन टोल विकास संस्थालाई क्रियाशील बनाईने छ ।

यसको लागि पुजिँगत क्षेत्रमा विनियोजित रकम रु. ३३ करोड ६२ लाख मध्ये ३६ लाख विनियोजन गरीएको छ । विस्तृत कार्यक्रम यसैको अनुसूचीमा उल्लेख गरीएको छ ।

**च) विधेयक क्षेत्र संग सम्वन्धि नीतिहरु**

127. संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयले परिपत्र गरेका नमुना नीती, ऐन, कानुन, नियमावली, निर्देशिका, दिग्दर्शनहरुलाई परिपत्र गरेको ३० दिन भित्र पुनर्वास नगरपालिका अनुकुल हुने गरी आवश्यक संसोधन, काटछाट गरी लागु गरिनेछन् ।

128. कानुन निर्माण पत्रियाको लागि सम्वन्धित विषयगत क्षेत्रहरुलाई जिम्वेवार वनाइनेछ ।

129. निर्माण गरिएका कानुनहरु (नीती, ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड) को नगर कर्मचारी एवंम पदाधिकारीहरुलाई अनुशिक्षण गराई क्षमता विकास गरिनेछ । सो का लागि आवश्यक बजेट विनियोजन गरी कार्यान्वयन गरिने छ ।

**विविध**

130. भारतीय पक्षबाट भैरहेको सीमा अतिक्रमणको समाधानका लागि नेपाल सरकारसंगको समन्वयमा विशेष पहल गरिनेछ ।

131. सामाजीक परिचालनका माध्यमवाट गरिवी न्यूनीकरणका लागी कार्यक्रम सञ्चालन गर्दै यस क्षेत्रमा सरकारी तथा गैर सरकारी संघ संस्थाहरु बीच कार्यक्रम सञ्चालनमा समन्वय, सहकार्य तथा नियमन गर्ने कार्य गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरुः**

उल्लेखित नीति तथा कार्यक्रमको कार्यान्वयनको दिशामा केन्द्रित भई आगामी आ.व. २०७८।७९ को वजेट मध्यकालीन खर्च संरचनाका आधारमा एकीकृत रुपमा निम्नानुसार पेश गरिएको छ । यस सम्वन्धि विस्तृत विवरण अनुसूचीहरुमा समावेश गरिएको छौ ।

अन्त्यमाः

नेपालको संविधानबाट स्थानीय तहलाई प्राप्त अधिकारहरुको प्रभावकारी कार्यान्वयनको अभ्यास मार्फत समृद्ध पुनर्वास निर्माणका लागि प्राप्त अवसर एवं कोरोना रोगको महामारी विरुद्धको लडाइ जित्नुपर्ने चुनौतिपूर्ण घडीमा प्रस्तुत नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनमा नगरका सबै तह र तप्काबाट सहयोग एवं योगदान पुग्ने विश्वास लिएको छु ।

प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तयार पार्नमा सहयोग गर्नु हुने कार्यपालिकाका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु,राजनीतिक दलका अगुवाहरु,नागरिक समाजका सदस्यहरु, स्थानीय बुद्धिजीविहरु,सञ्चारकर्मीहरु तथा सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु ।

धन्यवाद ।

नगर प्रमुख